# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५ ) काठमाडौं, असार ५ गते २०४२ साल (अतिरिक्ताङ्क १३

## भाग १

### राष्ट्रिय पञ्चायत सचिवालयको सूचना

श्री ५ महाराजाधिराजबाट राष्ट्रिय पञ्चायतको छत्तीसौं अधिवेशनलाई २०४२ साल असार ५ गते रोज ४ का दिन बक्सेको सम्बोधन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## शाही सम्बोधन

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राष्ट्रिय पञ्चायतका अध्यक्ष तथा सदस्यहरू,

१. प्रत्येक वर्ष झैं आज पनि राष्ट्रिय पञ्चायतको यो अधिवेशनलाई सम्बोधन गर्न पाउँदा हामीलाई खुशी लागेको छ। नेपाली जनता देशको अमनचैन र शान्ति खलबल्याउने कुनै पनि प्रयासलाई निरूत्साहित तुल्याउन सजग छन्। जनता स्वयंले रोजेको व्यवस्थाप्रति नचाहिंदा भ्रम फैलाई मुलुकमा अस्थिरताको वातावरणको सिर्जना गर्नेहरूको प्रतिवाद गर्नु सबै पञ्चको कर्तव्य हुन आउँछ। दलविहीन प्राजातान्त्रिक पञ्चायत व्यवस्थाले परिकल्पना गरेको समाजको निर्माण गर्ने क्रममा मेरो सरकारले मुलुकको शान्ति र सुव्यवस्थालाई कायम राख्दै आगामी वर्षको निम्ति यी कार्यक्रमहरूको तर्जुमा गरेको छ।

२. हाम्रो जस्तो अल्पविकसित मुलुकमा सम्पूर्ण नेपालीलाई खाद्यान्न, लत्ताकपडा, आवास, शिक्षा, स्वास्थ्य र सुरक्षा जस्ता आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्नुमा मेरो सरकार दत्तचित्त रहनेछ। यसै क्रममा मेरो सरकारले देश निर्माण कार्यमा प्रत्येक क्षेत्र, अञ्चल, जिल्ला, गाउँ तथा नगरहरूका निवासीको सक्रिय सहभागिता होस् भन्नाका लागि विकेन्द्रीकरण ऐन र यससम्बन्धी कार्य व्यवस्था नियमावली लागू गरिसकेको छ। विकेन्द्रीकरणमा लक्षित भए अनुसार आ-आफ्ना क्षेत्रका जनताको सर्वाङ्गीण विकासका लागि सोच्ने र जिम्मेवारी पूरा गर्न सक्ने किसिमले स्थानीय पञ्चायतहरूलाई सक्षम तुल्याउँदै स्थानीय विकास कार्यक्रममा मेरो सरकारले प्रभावकारीता ल्याउनेछ।

एकीकृत ग्रामीण विकास परियोजनाहरूको प्रभावकारी कार्यान्वयन-तर्फ मेरो सरकार सचेष्ट रहनेछ र यथाशक्य यो कार्यक्रमलाई क्रमशः विस्तार गर्ने मेरो सरकारको नीति रहनेछ।

स्थानीय पञ्चायतहरूलाई विकासका लागि चाहिने निर्माण सामग्रीहरूको संचय गरी जिल्ला पञ्चायतको आधारमा वितरणको व्यवस्था गरिनेछ।

आफ्नो नगर क्षेत्रको विकास समस्या समाधानका लागि स्थानीय नगर पञ्चायतहरूलाई नै प्रमुख भूमिका खेल्न लगाउने नीति मेरो सरकारले लिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. राष्ट्रिय विकास परिषद्ले अनुमोदन गरेको आधारभूत सिद्धान्त अनुरूप मेरो सरकारले आगामी आर्थिक वर्षदेखि सञ्चालन हुने सातौं योजना तर्जुमा गरेको छ । यस योजनामा विकेन्द्रीकरणको सिद्धान्तलाई कार्यरूप दिन जिल्लास्तरीय योजनाहरू जिल्लास्तरबाटै तर्जुमा गर्ने व्यवस्था मिलाइएको छ ।

राष्ट्रिय दृष्टिकोणले प्राथमिकता प्राप्त आयोजनाहरूको प्रभावकारी कार्यान्वयनतर्फ टेवा पुऱ्याउन नियमित समीक्षा तथा प्रगति मूल्याङ्कनको लागि राष्ट्रिय योजना आयोगमा स्थापना गरिएको इकाईलाई मेरो सरकारले आगामी आर्थिक वर्षदेखि कम्प्युटरको सुविधायुक्त केन्द्रीय अनुगमन इकाईको रूपमा विकसित गर्नेछ ।

४. मुद्रा प्रदायलाई नियन्त्रण गर्न तथा उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्नुपर्ने तथ्यलाई दृष्टिगत गरी मेरो सरकारले आगामी आर्थिक वर्षदेखि कर्जा योजनाको व्यवस्था शुरू गर्नेछ ।

ग्रामीण क्षेत्रको चौतर्फी विकासको निमित्त बैंकिंग क्षेत्रले प्रमुख भूमिका निर्वाह गर्नुपर्ने आवश्यकतालाई दृष्टिगत गरी पाँचै विकास क्षेत्रहरूमा क्षेत्रीय ग्रामीण विकास बैंकहरू स्थापना गर्नेतर्फ मेरो सरकार क्रियाशील रहनेछ ।

मितव्ययिताको सिद्धान्तलाई प्रभावकारी रूपले कार्यान्वियन गर्न मेरो सरकार अनुत्पादक लगानीलाई निरूत्साहित गरी उत्पादनशील क्षेत्रमा लगानी प्रवाह गर्नेतर्फ प्रयत्नशील रहनेछ ।

बैंकिंग क्षेत्रबाट सकेसम्म बढी साधन सङ्कलन गरी जनतालाई उत्पादनशील लगानीमा प्रोत्साहित गर्न विभिन्न उपायहरू मेरो सरकारले अपनाउनेछ ।

५. कृषि विकासतर्फ मेरो सरकारले खाद्यान्न उत्पादन अभियानलाई अझ बढी व्यापक तुल्याई उत्पादन वृद्धिमा विशेष जोड दिनेछ । यस क्रममा मेरो सरकारले बागवानी तथा तरकारी खेती र पशुपालन जस्ता कार्यमा निजी क्षेत्रलाई प्रोत्साहित गर्न समयमै कृषि उपजको मूल्य निर्धारण गर्ने व्यवस्था मिलाउन राष्ट्रिय स्तरमा आवश्यक कदम चाल्नेछ । साना किसान बिकास कार्यक्रमलाई पनि अझ बढी व्यापक र सुदृढ तुल्याउन मेरो सरकारले कदम चाल्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. जलस्रोतको क्षेत्रमा राष्ट्रिय उपयोगितालाई ध्यानमा राखी देशमा विद्यमान जलस्रोतको अधिकतम उपयोग गर्नेतर्फ मेरो सरकार अग्रसर रहनेछ ।

विद्युत्तर्फ सञ्चालन भइरहेको कुलेखानी दोस्रो आयोजना र सञ्चालनको पूर्व तयारीमा रहेका मर्स्याङ्गदी आयोजना तथा अन्य साना जलविद्युत् आयोजनाहरूको निर्माणमा तदारूकता ल्याउने प्रयास जारी रहनेछ । सदरमुकाम, नगर पञ्चायतहरू तथा योजनास्थल नजिकका गाउँहरूमा समेत प्राविधिक तथा आर्थिक क्षमताले भ्याएसम्म विद्युतीकरणको कार्य पूर्ववत् गर्दै जानेछ । ठूला तथा मझौला आयोजनाहरूको सम्भाव्यता अध्ययन गराउने र योजना पहिचान सर्भेक्षण कार्य यथावत सञ्चालन गरिनेछ । विद्युत् क्षेत्रमा संगठनात्मक सुधार गरी कुशल स्वशासित संस्था खडा गर्न मेरो सरकारले कदम चाल्नेछ ।

मेरो सरकारले कृषि उत्पादनमा वृद्धि ल्याउने उद्देश्यले सिंचित क्षेत्रलाई बढाउने कार्यक्रममा तीव्रता ल्याउनेछ । सम्पन्न सिंचाइ आयोजनाहरूबाट सिंचाइको लागि पानी वितरण गर्दा फसलको सम्भाव्यताको आधारमा पानीको परिमाण उपभोग गर्ने हद तोक्नेतर्फ मेरो सरकारले ध्यान दिई आवश्यक कदमहरू चाल्नेछ ।

७. भूमिसुधार कार्यक्रमलाई प्रभावकारी रूपले सञ्चालन गरी मोही संरक्षणमा विशेष जोड दिनुका साथै साझा कार्यक्रमलाई सुदृढ ढङ्गबाट सेवामूलक बनाउँदै लग्नेतर्फ मेरो सरकारले ठोस कदम चाल्नेछ ।

८. वन तथा भू-संरक्षणतर्फ मेरो सरकारले वन-जङ्गलको संरक्षण गर्नुका साथै जनताको लागि आवश्यक काठ, दाउराको आपूर्ति गर्ने, पर्यावरणमा सन्तुलन कायम गर्ने र वातावरण संरक्षणको दृष्टिकोणबाट सामुदायिक, निजी एवम् सरकारी वन अन्तर्गत व्यापक रूपमा बृक्षरोपण कार्यक्रम सञ्चालन गर्नेछ । यसैगरी भू-संरक्षण कार्यक्रमलाई विस्तार गरी उत्पादन बढाउन सघाउ पुऱ्याउने उद्देश्य राखी मेरो सरकारले बढी मात्रामा जन-सहभागिता उपलब्ध गर्ने प्रयास गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१२०

राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु आरक्षहरूको व्यवस्थापन र प्रकृति संरक्षणका विविध पक्ष सम्बन्धी कार्यक्रममा गैरसरकारी संस्था एवम् निकायहरूबाट समेत सहयोग लिई सञ्चालन गर्ने नीति मेरो सरकारले अपनाउनेछ।

९. औद्योगीकरणको क्रममा विदेशी लगानी र उपयुक्त आधुनिक प्रविधि पनि अत्यावश्यक भएकोले विगत केही वर्षदेखि विदेशी लगानी र आधुनिक प्रविधिलाई प्रोत्साहित गर्ने नीति अपनाई आएको छ। औद्योगिक लगानीलाई अझ बढी आकर्षित तुल्याउन विगत पाँच वर्षदेखि रही आएको ऐन, नियमलाई समयानुकूल पार्न आगामी वर्ष मेरो सरकारले आवश्यक कदम चाल्नेछ।

१०. मेरो सरकारले देशभित्र उपलब्ध खनिज सम्पदाको विकास गर्ने क्रममा पेट्रोलियस अन्वेषण कार्यलाई तीव्रताका साथ अघि बढाउँदै जानेछ।

११. मुलुकभित्र उत्पादित स्तरीय उपभोग्य वस्तुहरू सर्वसाधारणलाई उपलब्ध गराउन गुणस्तर प्रमाणित गर्ने र निर्यातयोग्य वस्तुहरू स्तरयुक्त तुल्याई व्यापार प्रवर्द्धनमा सघाउ पुऱ्याउन निर्यात गर्नु अघि "पूर्व निर्यात निरीक्षण" प्रणाली लागू गर्नेतर्फ मेरो सरकारले आवश्यक कारवाही थाल्नेछ।

१२. मेरो सरकारले निकासी प्रवर्द्धन गर्ने उद्देश्यले साविकमा दिई राखेको नगद अनुदान कायमै राखी सुविधायुक्त ऋणको व्यवस्थालाई समयानुकूल सुधार सहित चालू राख्नेछ।

१३. मेरो सरकारले खाद्यान्न न्यून जिल्लाहरूको आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले क्षेत्रीय आधारमा खाद्यान्न सञ्चय क्षमतामा क्रमिकरूपमा वृद्धि गर्दै लग्नेछ।

१४. मेरो सरकारले दूर सञ्चार सेवाका विभिन्न कार्यहरूको निम्ति एउटै माध्यम अपनाउने नीति राखी आउँदो योजना अवधिमा अधिराज्यका सबै म्यानुअल टेलिफोन एक्स्चेञ्ज ( Manual Telephone Exchange ) हरूलाई डिजिटल प्रणाली ( Digital System ) मा परिणत तथा विस्तार गरी आउँदो सातौं योजना अवधिमा कार्यान्वयन पूरा गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १२१

मेरो सरकारले नेपाल अधिराज्यभर मिडियम वेभ (Medium wave) प्रणालीद्वारा रेडियो प्रसारणको व्यवस्था गर्ने क्रममा दोस्रो चरणको लागि प्रारम्भिक कार्य आउँदो आर्थिक वर्षमा गर्नेछ । हुलाक सेवालाई क्रमशः यान्त्रिकीकरण गर्दै सेवाको विकास तथा सुदृढीकरण गर्ने उपयुक्त नीति मेरो सरकारले लिनेछ ।

१५. मेरो सरकारले आउँदो आर्थिक वर्षदेखि क्रमिक रूपले लागू हुँदै जाने विकेन्द्रीकरण योजनाको सिद्धान्त अनुरूप सडकहरूको निर्माण केन्द्रीय र जिल्लास्तरमा विभाजन गरी राष्ट्रियस्तरमा महत्वपूर्ण देखिएका सडकहरूलाई प्राथमिकता तोकी समयवद्ध रूपमा निर्माण गर्ने कार्य जारी नै राख्नेछ ।

१६. मेरो सरकार रोजगारको अवसर बढी मात्रामा प्रदान गर्नेतर्फ प्रयत्नशील रहनेछ । समाजमा सबै वर्गको जीवनस्तर उठाउने उद्देश्यले जन-सहभागिताको अधिकतम परिचालन गरी सामाजिक कल्याणको क्षेत्रलाई क्रमशः विस्तार गर्दै लैजाने मेरो सरकारको लक्ष्य रहेको छ ।

१७. पर्यटकहरूको आगमन संख्यामा वृद्धि गर्न पर्यटक उद्गम हुने मुलुकहरूमा पर्यटक प्रवर्द्धन प्रचार-प्रसार कार्यक्रमहरू व्यापक रूपले सञ्चालन गर्नमा जोड दिइनुका साथै प्राकृतिक वातावरण संरक्षण गर्दै पर्वतीय पर्यटनको विकास गर्न उपयुक्त कार्यक्रमहरू मेरो सरकारले कार्यान्वयन गर्दै लग्नेछ ।

अन्तर्राष्ट्रिय तथा आन्तरिक हवाई सेवाको क्षमता वृद्धि गर्न थप विमान उपलब्ध गरिनेछन् । साथै आन्तरिक हवाई सेवालाई बढी सक्षम र भरपर्दो बनाउन क्षेत्रीयकरणको आधारमा वरिपरिका अञ्चल वा जिल्लाहरूला क्षेत्रीय केन्द्रबाट समेत हवाई सेवा उपलब्ध गराउन मेरो सरकारले आवश्यक कदम चाल्नेछ ।

१८. प्राथमिक तहको शिक्षा सर्वसुलभ गराउन यस तहको शिक्षाको संख्यात्मक र गुणात्मक विकासमा जोड दिनुका साथै रेडियोद्वारा प्राथमिक शिक्षक तालीम कार्यक्रम चालू राखिनेछ । प्राथमिक शिक्षक तालीम कार्यक्रमलाई प्रभावकारी रूपले सञ्चालन गरिनेछ । शिक्षाको गुणस्तर वृद्धि गर्न स्वस्थ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रतिस्पर्धाको स्थिति सिर्जना गर्नु आवश्यक भएकोले स्तरयुक्त शिक्षा प्रदान गर्ने विद्यालयहरूलाई पुरस्कार दिने व्यवस्था गरिनेछ । साथै स्थानीय विद्यालय सञ्चालक समितिलाई विद्यालयहरूको व्यवस्थापन कार्यमा बढी सक्रिय, संलग्न र जिम्मेवार हुने व्यवस्था गरिनेछ ।

देशको साँस्कृतिक तथा पुरातात्विक महत्वका वस्तुहरूको संरक्षण र संवर्द्धनसम्बन्धी कार्यक्रमलाई प्रभावकारी रूपले सञ्चालन गरिनेछ । उच्च शिक्षातर्फ मेरो सरकारले प्राविधिक शिक्षाको विकासमा जोड दिनेछ र साधारण उच्च शिक्षाको विकासमा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने नीति कायम राखिनेछ ।

भाषा, साहित्य, कला, संगीत, संस्कृति, ज्ञान, विज्ञान आदिको माध्यमबाट नेपाली राष्ट्रिय भावनाको जगेर्ना गर्दै नेपालको आफ्नै विशिष्ट सभ्यता र परम्परालाई चिनाउने रचना र कृतिहरूको संवर्द्धन गर्ने हेतुले स्थापना भएको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानलाई उचित प्रोत्साहन दिइनेछ । त्यस्तै जनताको आधारभूत आवश्यकताहरू परिपूर्ति गर्न देशको वैज्ञानिक एवम् प्राविधिक सक्षमता वृद्धि गर्न आवश्यक भएकोले मेरो सरकारले नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानलाई बढी सक्षम र सक्रिय तुल्याउन यथोचित सहयोग प्रदान गर्नेछ ।

१६. पञ्चायतको माध्यमबाट स्वास्थ्य संस्थाहरूमा आवश्यक मात्रामा औषधि वितरण गर्न र जडीबुटीहरूको प्रयोग गरी आयुर्वेद चिकित्सा पद्धतिलाई प्रोत्साहित गर्न मेरो सरकारले एक राष्ट्रिय औषधि नीति अपनाउनेछ । लागू तथा हानिकारक औषधिको नियन्त्रण गर्न मेरो सरकारले आवश्यक व्यवस्था मिलाउनेछ ।

क्षेत्रीय, अञ्चल र जिल्ला अस्पतालहरूमा सेवाको स्तर तोकिनेछ र केन्द्रमा भएका केही अस्पताललाई बढी स्तरयुक्त जनरल अस्पताल तथा विशेष सेवा उपलब्ध हुने अस्पतालका रूपमा विस्तार गरिनेछ । साथै प्रतिकारात्मक स्वास्थ्य सेवाको विस्तार गर्नेतर्फ पनि विशेष जोड दिइनेछ । स्वास्थ्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चौकीको माध्यमबाट एकीकृत रूपमा प्रदान गरिने प्राथमिक स्वास्थ्य सेवालाई बढी व्यापक बनाउन प्राविधिक जनशक्ति तथा औषधिको व्यवस्थापनमा सुधार ल्याउनेतर्फ पनि मेरो सरकार प्रयत्नशील रहनेछ ।

२०. जनसंख्याको क्षेत्रमा राष्ट्रिय जनसंख्या आयोग अन्तर्गत जनसंख्या अनुसन्धान केन्द्रको स्थापना गरिनेछ । परिवार नियोजन सेवा तथा एकीकृत कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयनमा पञ्चायत, वर्गीय संगठन र गैर-सरकारी संघ, संस्थाहरूको सक्रिय सहयोग र संलग्नतालाई अझ बढी व्यापक बनाउनेतर्फ मेरो सरकार क्रियाशील रहनेछ ।

२१. मेरो सरकारले न्याय व्यवस्थालाई निष्पक्ष, सरल र सर्वसुलभ गराउन प्रचलित न्याय कार्य पद्धतिमा क्रमशः सुधार गर्दै लग्नेछ ।

२२. निजामती सेवा प्रशासनलाई अझ सुदृढ, सक्षम र मर्यादित तुल्याउन मेरो सरकारले यो वर्षदेखि लागू गरेको सुधारात्मक कदमहरू चरणबद्ध रूपमा कार्यान्वयन गर्दै जानेछ ।

२३. जन्म मृत्यु दर्ता प्रणालीको योजनालाई मेरो सरकारले क्रमशः प्रभावकारी बनाउँदै लग्नेछ । मुलुकमा शान्ति, सुरक्षा र अमनचैन कायम राख्नको लागि स्थानीय प्रशासनका निकायहरूलाई अझ बढी सक्षम र सबल बनाउने प्रयास विगत वर्षहरूमा झैं यसवर्ष पनि जारी रहनेछ । प्रहरीलाई समयानुकूल दक्ष बनाउने कार्यक्रम योजनाबद्ध रूपमा चालू रहनेछ ।

२४. शाही नेपाली सेनालाई समयानुकूल बनाउँदै जाने कार्य मेरो सरकारले जारी नै राख्नेछ ।

२५. संसारका सबै देशहरू खासगरी नेपालसँग सीमा जोडिएका भारत र चीन लगायत यस क्षेत्रका अरू राष्ट्रहरूसँग निकटतम सौहार्दपूर्ण मित्रता, सहयोग र समझदारी बढाउँदै देशको स्वतन्त्रता सदासर्वदा अक्षुण्ण बनाई राख्ने असंलग्न सिद्धान्तमा आधारित हाम्रो परराष्ट्र नीति कायमै रहनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१२४

यही नीति अनुरूप गतवर्ष हिउँदमा हामीबाट गरिबक्सेको थाइल्याण्ड अधिराज्यको राजकीय भ्रमण र केही महिनाअघि माल्दिभ्सका राष्ट्र-पतिले गर्नु भएको नेपाल अधिराज्यको राजकीय भ्रमणबाट नेपाल र ती देशहरू बीच विद्यमान मैत्री, सद्भावना र आपसी समझदारीमा अभिवृद्धि भएको छ ।

परमाणु अस्त्रहरू लगायत अत्याधुनिक हातहतियारको होडबाजी सम्पूर्ण मानव समाजको लागि नै एक गंभीर चुनौतिको विषय हुन पुगेको छ । विश्व परिस्थिति जटिल एवम् तनावपूर्ण रहेको यस्तो अवस्थामा संयुक्त राष्ट्र संघ तथा अन्यत्र पनि शान्तिका लागि भएका प्रयासहरूको नेपालले सदैव समर्थन गर्दै आएको छ। यसैले लेबनानमा शान्ति स्थापना गर्ने प्रयासमा योगदान पुऱ्याउने हेतुले संयुक्त राष्ट्र संघको आह्वानमा शाही नेपाली सेनाले गतवर्षदेखि पुनः भाग लिएको छ । संयुक्त राष्ट्र संघको बडापत्रमा निहित सिद्धान्तहरूमा अडिग रही कुनै पनि राष्ट्रको आन्तरिक मामिलामा बाहिरी हस्तक्षेपको विरोध गर्ने नीति मेरो सरकारले कायम राख्नेछ ।

नेपाललाई शान्ति क्षेत्र घोषणा गरियोस् भन्ने प्रस्ताव विश्वशान्ति-को खोजीको प्रयासमा एक उपयुक्त कदमको रूपमा अन्तर्राष्ट्रिय जगतमा बढ्दो रूपमा मान्यता पाउँदै जानु सन्तोषको विषय भएको छ। यस प्रस्तावप्रति समर्थन जनाउने सबै मित्रराष्ट्रहरूप्रति हामी कृतज्ञता ज्ञापन गर्न चाहन्छौं ।

वर्तमान अन्तर्राष्ट्रिय आर्थिक परिस्थिति एक गंभीर चिन्ताको विषय बन्न गएको छ । विश्व आर्थिक संकटको परिप्रेक्ष्यमा विकासोन्मुख मुलकहरूका बीच आर्थिक सहयोगद्वारा सामूहिक आत्म-निर्भरता र क्षेत्रीय शान्ति, समझदारी र मित्रताको दिशामा दक्षिण एशियाली क्षेत्रीय सहयोग एक महत्वपूर्ण कदम बन्न सक्नेछ भन्ने हामी सबैको विश्वास छ ।

मेरो सरकारले नेपालको आर्थिक विकासको निम्ति विश्वका शक्तिशाली राष्ट्रहरू, औद्योगिक दृष्टिले सम्पन्न राष्ट्रहरू र विकासोन्मुख देशहरूबाट समेत विभिन्न प्रकारका सहयोग परिचालन गर्ने नीति कायमै राख्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१२२

हाम्रो विकास प्रयासमा हामीलाई सहयोग गर्ने हाम्रा मित्रराष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूप्रति हामी आभार प्रकट गर्न चाहन्छौं ।

२६. हाम्रा भौगोलिक, ऐतिहासिक तथा शैक्षिक वाध्यताहरूले गर्दा विकास कार्यहरूको सञ्चालनमा आइपर्ने विभिन्न बाधा समस्याहरूबाट विचलित नभई मुलुकको साधन र स्रोतको वैज्ञानिक ढङ्गबाट उपयोग गरी राष्ट्रलाई समुन्नत गर्ने प्रयासमा सबैको क्रियाशील योगदान अपेक्षित छ । गतिशीलता र जनताको सक्रिय सहभागिता नै दलविहीन पञ्चायत व्यवस्थाको चरित्र रही आएको छ । यही कुरालाई ध्यानमा राखी नेपाल र नेपालीको बृहत् हितको निरन्तर संवर्द्धन र संरक्षण गर्नमा मेरो सरकारलाई सबैबाट सधैं झैं सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएका छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

आज्ञाले,
श्यामकृष्ण भट्टराई
राष्ट्रिय पञ्चायतको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।